# उच्च अदालत बिराटनगर इलाम

## इलाम इजलास इलाम

पत्र संख्या-
चलानी नं.-
प्राप्त प.स.र मिति

मिति:-२०७८।०३।१४

सूचना! सूचना!! सूचना

हाल बिश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढिरहेको र नेपालमा पनि तिब्र गतिमा यसको प्रभाब फैलिरहेको सन्दर्भलाई मध्यनजर गरि सोको जोखिम नियन्त्रण र रोकथामको लागि सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।०१।०६ मा आदेश जारी भएको र सर्बोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्ति अनुसार मिति २०७८।०३।१४ गतेसम्म यस अदालतबाट प्रवाह हुने सेवाहरूलाई संकुचन गरिएको र जिल्ला प्रशासन कार्यालय इलामले इलाम जिल्ला भरी लागू हुने गरी मिति २०७८।०३।२५ गतेसम्म निषेधाज्ञा जारी गर्ने भनी मिति २०७८।०३।१४ गते निर्णय गरी सूचना प्रकाशित गरेको हुँदा निषेधाज्ञा खुकुलो नभएसम्म देहाय बमोजिमका कामकारबाहीहरू मात्र यस अदालतबाट सुनुवाई हुने वेहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निर्णयहरू:-

१. देहाय बमोजिमको काम कारबाही र सेवाहरू यथावत सुचारू रहने:-
   क। बन्दी प्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई
   ख। पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृति र म्याद थप
   ग। अभियोगपत्र दर्ता र थुनछेकको कारबाही
   घ। कोभिड -१९ संग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई

२. माथि उल्लेख गरिएदेखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य कामकारबाही र सेवाहरू स्थगन हुने

३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारेख नगुज्रने

४. ७३ नं. सम्बन्धी निवेदनहरुमा सुनुवाई ।

५. नेपाल सरकार वादी भएका पुनरावेदन पत्र सहितको थुनुवा मुद्दाहरु सुनुवाई ।

६. २ वर्ष नाघेका देवानी मुद्दाहरुको सुनुवाई ।

७. दर्ता हुन आएका रिट निवदेनहरुको प्रारम्भिक सुनुवाई ।

२०७८।०३।१४।१२
रजिष्ट्रार